# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू दैलेख
### कर्णाली प्रदेश,नेपाल

**सवारी साधन भाडामा लिने दिने सम्बन्धी सिलबन्दी दरभाउ पत्रको प्रस्तावना आह्वान सम्वन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२।०५।०९**

यस नगरपालिकाको चालु आ.व. २०८२/०८३ मा कार्यालयको कामकाज तथा अनुगमन /निरीक्षण लगायतका कार्य गर्ने प्रयोजनका लागि आवश्यक पर्ने देहाय अनुसारको सवारी साधन भाडामा लिने दिने प्रयोजनार्थ सवारी साधन भाडामा दिन ईच्छुक सवारी धनी/फर्महरुलाई देहाय अनुसारको शर्तको अधिनमा रही तोकिएको समय भित्र रित पूर्वकको सिलबन्दी दरभाउ पत्र पेश गर्नहुन सूचित गरिन्छ।

१. सिलबन्दी दरभाउ पत्र फारम यो सुचना प्रकाशित भएको मितिले ७ औं दिनभित्र यस कार्यालयबाट रु १०००।०० फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिने छ।

२. सिलबन्दी दरभाउ पत्र ८ औं दिनको मध्यान्ह १२:०० वजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी दर्ता हुन आएका दरभाउ पत्रहरु ८ औं दिनको दिउँसो २:०० वजे खोलिनेछ। सिलबन्दी दरभाउ पत्र पेश गर्दा विमा कायम गरी नवीकरण भएको सवारी दर्ता प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र, फर्मको हकमा फर्मदर्ता तथा नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणपत्र र आ.व. २०८०/०८१ (सम्भव भए सम्म आ.व.०८१।०८२) को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपिहरु संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई सिलबन्दी दरभाउ पत्र दर्ता गर्न सकिनेछ।

३. दरभाउ पत्र फारमको प्रत्येक पानामा सहिछाप गरी प्रत्येक आईटमको दररेट अंक र अक्षर दुवैमा प्रष्ट लेखी सिलबन्दी गरी पेश गर्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ।

४. उल्लेख गरेको विवरण गल्ती भई संच्याउनु पर्ने भएमा खुर्कने, मेट्ने वा टिपेक्स लगाउने कार्य नगरी पढ्न सकिने गरी एउटा धर्सोले काटी विवरण थप्नुपर्ने भएमा थप चिन्ह प्रयोग गरी थप गर्ने र थप गरेको तथा काटेको स्थानमा पछि थपघट गर्न नमिल्ने गरी अगाडी पछाडी हस्ताक्षर गरेको हुनुपर्नेछ। सो बमोजिम नभएको प्रस्तावलाई मान्यता दिईने छैन।

५. रित नपुगी आएका वा म्याद नाघी आएको वा अन्य शर्त राखी पेश हुन आएका दरभाउ पत्रका प्रस्तावहरु मूल्यांकनमा समावेश गरिने छैन।

६. सवारीधनीले नै ईन्धन व्यहोर्ने गरी संलग्न ढाँचा अनुसारको प्रतिदिनको दररेट कवुल गर्नु पर्ने छ। उक्त रकममा नियमानुसार वहाल कर लाग्ने छ।

७. दरभाउ पत्रका पस्तावहरु पूर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

८. कार्यक्षेत्रगत शर्तहरु तथा थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको योजना अनुगमन तथा तथ्याँक शाखामा सम्पर्क गर्न सकिनेछ।

तपसिल

| क्र.स. | सवारी साधनको प्रकार | विवरण | दररेट प्रतिदिन | | | |
|---|---|---|---|---|---|---|
| | | | नगरपालिका क्षेत्र भित्र | दैलेख जिल्लाभर | दैलेख जिल्ला वाहिर | कैफियत |
| १. | जीप (Double Cap, Four-Wheel, Suitable for Off Road) | अंकमा | | | | सवारीधनीले नै ईन्धन व्यहोर्ने गरी |
| | | अक्षरमा | | | | |

०८२।०५।०९

नि. प्रमुख प्रशासकीय अधिकृत